# ४ विश्वासद्‌वारा निर्दोष ठहरिनु

<u>*यस अध्यायको मूल पद:*</u> रोमी ३:१९-२८।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> " त्यसकारण मानिसहरूका आफ्ना विश्वासले गर्दा परमेश्वरसँग निर्दोष ठहरिन्छ भन्ने धारणामा हामी निष्कर्ष निकाल्छौं। तर व्यवस्थालाई पालन गरेर कोही निर्दोष ठहरिन्छ भन्ने शिक्षामा हामी सहमत छैनौं।" (रोमी ३:२८बाट रूपान्तरित)।

रोमीको पुस्तकको मूल सार यस अध्यायमा हेर्नेछौं। यस पुस्तकको मुख्य विषयवस्तु भनेको हाम्रो धर्मकर्मबाट होइन तर विश्वासद्वारा परमेश्वरको अगाडि हामी निर्दोष ठहरिन्छौं भन्ने धारणा हो। अरू कुनै सत्यहरू भन्दा यस महान् सत्यले इसाईहरूमा सु धार वा प्रोटेस्टेन्ट रिफोर्मेशन ल्याएको थियो। इसाई क्षेत्रमा जतिसुकै सुधारको आगो सन् १५२०देखि बलेपनि रोमन क्याथोलिक चर्चको सिद्धान्तमा कुनै परिवर्तन भएको छैन। त्यसबेला पोप लियोले मार्टिन लुथर र उनका शिक्षादीक्षाहरूको विरोध गर्दै उनलाई पोपको पत्रद्वारा महाअभियोग लगाएको थियो। तर त्यस पत्रलाई लुथरले सार्वजनिक रूपमा जलाएका थिए किनकि विश्वासद्वारा मानिस निर्दोष ठरहिन्छ वा पापको सफाइ पाइन्छ भन्ने कसैको असहमतिप्रति उनले कहिल्ये पनि सम्झौता गर्न चाहेका थिएनन्। उनको त्यो अडान कडा थियो।

विश्वासद्वारा निर्दोष ठहरिन्छ भन्ने भाषा नै कानूनी प्रक्रियाको आधारमा छ। कुनै अपराधी न्यायधिसको सामु खडा हुन्छ। त्यस मानिसको जघन्य अपराधले गर्दा न्यायधिसले उसलाई मृत्युदण्डको सजायँ सुनाउँछन्। तर कोहि अर्को मानिस उसको सट्टामा सजायँ भोग्न तयार हुन्छ र त्यो अपराध आफैले गरेको हो भनेर स्वीकार गर्दै मृत्युदण्डको सजायँ भोग्न देखापर्छ। जुन अपराधले गर्दा अपराधीलाई न्यायधिसको सामु ल्याइएको थियो अब त्यो अपराधीले उसको दोषबाटमात्र सफाइ पाउने नभएर उसलाई कहिल्यै पनि अपराध नगरेको फैसला सुनाइन्छ। त्यो किन भयो भन्दा त्यो मानिस जुन कुनै अपराधको लेखा नभएतापनि अपराधीको निम्ति विकल्पको रूपमा आफूलाई खडा गरिएको थियो।

(यसको मतलब यो होइन कि त्यस मूक्त भएको मानिस निर्दोष छ। सबैलाई थाहा छ ऊ दोषी छ। तर असल समाचार त यो हो कि उसको अपराधलाई क्षमा दिइयो)।

परमेश्वरको मुक्तिको योजनामा हामी सबै दोषी ठहरिएकाछौं। हामी अपराधी छौं। तर हाम्रो विकल्प अर्थात् सट्टामा खडा हुनुभएको येशू पूर्ण रूपमा निर्दोष हुनुहुन्छ। परमेश्वरको न्यायलयको सामु हाम्रो सट्टामा उहाँ उभिनुहुन्छ। हाम्रा अधर्मी चरित्रको सट्टामा उहाँको धार्मिक चरित्रलाई स्वीकार गरिन्छ। तसर्थः येशूले गर्दा परमेश्वरको अगाडि हामी निर्दोषी भएर खडाहुने शुभ अवसर पाउँछौं। जब येशूको धार्मिकता तथा सदाचारितालाई हामीले विश्वासद्वारा ग्रहण गर्छौं तब त्यो सदगुण हाम्रै हुन जान्छ। यहि प्रक्रियालाई "विश्वासद्वारा निर्दोष ठहरिनु" भनेर वाख्या गरिन्छ। हामीले येशूलाई ग्रहण गरेको हुनाले हाम्रा विगत आचरण तथा स्वभाव पापमय वा अपराधी भएतापनि परमेश्वरको सामु हामी धर्मात्मा वा सन्त भएर खडा हुन्छौं। हाम्रा कुनै धार्मिक क्रियाकलापले होइन तर येशूको धार्मिकताले मात्र हामीलाई पापबाट उद्धार मिल्न सक्दछ।

हाम्रो निम्ति यो एकदम उत्तम समाचार होइन त? साँच्चै भनौं भने हाम्रो जीवनमा यो भन्दा शुभसमाचार अरू के होला?

## १. व्यवस्था वा कानूनका कामहरू

"अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ,व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। यसैकारण व्यवस्थाको कर्मले कोहि पापी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतनाहुन्छ अर्थात् हामी पापी हौं भनेर परमेश्वरको दश आज्ञाले सचेत गराउँछन् ।" रोमी ३:१९,२० रूपान्तरित), पावलको धारणालाई व्यवस्था चाहे त्यो परमेश्वरको दश आज्ञा नै किन नहोस् त्यसको बारेमा के भनिरहेको हामी पाउँछौं? व्यवस्थाले के गर्न सक्छ र के गर्न सक्दैनन्? येशूको मार्गमा हिँड्ने सबैमा यो ज्ञानको महसुस किन गर्नुपर्छ?

व्यवस्था भन्ने शब्द पावलले प्रयोग गर्दा त्यस समयका यहूदीहरूले बुझेको अनुसार फराकिलो तरिकाले प्रयोग गरेका थिए। हिब्रू भाषामा व्यवस्थालाई जनाउने झुटा टोराह् हो। टोराह् भन्दा मोशाले लेखेका बाइबलका प्रथम् पाँच पुस्तकहरूमा उल्लेखित परमेश्वरका विधिविधानहरू वा व्यवस्थाहरू साथै सम्पूर्ण पुरानो करारलाई मान्दछन् र आजका यहूदीहरूले

पनि त्यस धारणालाई मानीनै आइरहेका छन्। त्यस व्यवस्थामा परमेश्वरका दश आज्ञा वा नैतिक आचारसंहिताकोसाथै परमेश्वरले दिनुभएको नियमकानून, न्यायप्रणाली र धार्मिक तथा रीतिथिति र विधिविधानहरू थिए। परमेश्वरका आफ्ना जनहरूलाई शिक्षादीक्षा दिन तिनीहरू दिइएको थियो। त्यस व्यवस्थामा उल्लेख गरेका सबै सानातिना नियमहरूले पनि विश्वासीको जीवनमा कस्तो स्वच्छ चरित्र हुनुपर्दछ भनेर देखाइएको थियो। यसैकारण यहूदीहरूको सम्पूर्ण धार्मिक संस्कारहरूको प्रणाली नै त्यो व्यवस्था थियो भन्ने कुरालाई हामीले सोच्नुपर्छ।

व्यवस्था अर्थात् विधिको शासनमा रहनु भनेको कसैको अधीनमा वा त्यसको दायरामा रहनु हो। मानिसहरू कमजोर छन् र परमेश्वरको अगाडि दोषी छन् भनेर व्यवस्थाले देखाउँछ। व्यवस्थाले मानिसका दोषलाई हटाउन सक्दैनन्। तर व्यवस्थाले हामी कस्तो पापी रहेछौं भनेर देखाउँदछ र त्यसबाट मुक्त हुने उपायलाई हामी पापीहरूलाई औंल्याउँछ।

हामीहरूको समयमा जब रोमीहरूलाई लेखेको पत्रलाई जब प्रयोगमा ल्याउँछौं तब व्यवस्था भन्दा यहूदी संस्कारमा चलाइएको यहूदी व्यवस्था नभएर विशेष गरेर नैतिक व्यवस्थाको बारेमा सोच्दछौं। जसरी यहूदीहरूले प्रयोगमा ल्याइएका धार्मिक विधिविधानले तिनीहरूलाई मुक्ति दिंदैन त्यसरी नै दश आज्ञा वा नैतिक आज्ञाहरूलाई पालन गर्दा हामीलाई मुक्ति दिंदैन। पापीलाई मुक्ति दिने काम नैतिक आज्ञाको काम होइन। यसले परमेश्वरको स्वभावलाई प्रकट गर्छ र मानिसले पनि प्रतिविम्ब गर्नुपर्ने त्यस स्वभावबाट ऊ कहाँ चुक्यो भनेर देखाउँदछ।

चाहे ती नैतिक होस्, चाहे धर्मसस्कार तथा धार्मिक विधिविधानहरू होस्, चाहे नागरिकको निम्ति बनाइएका ऐनकानूनहरू होस् जुनसुकै व्यवस्थालाई अक्षरस पालन गऱ्यो भन्दै मानिस परमेश्वरको अगाडि धर्मी ठहरिंदैन। व्यवस्था वा विधिको शासनको काम कसैलाई धर्मी बनाउने होइन। तर परमेश्वरले दिनुभएको व्यवस्थाले हाम्रो पाप तथा कमजोरलाई औंल्याउँछ र जसले गर्दा हामीलाई येशूको आवश्यमतातिर डोऱ्याउँछ।

जसरी रोगको लक्षणले मानिसहरूका रोगलाई निको पार्न सक्दैनन् त्यसरी नै व्यवस्था त्यो चाहे परमेश्वरको दश आज्ञा नै किन नहोस्, त्यसले मानिसलाई मुक्ति दिन सक्दैन। रोगको लक्षणले हामीलाई उपचारको आवश्यकता छ भनेर मात्र देखाउँछ। त्यसरी नै मानिसलाई परमेश्वरको दश

आज्ञा र अरू विधिविधानहरूले परमेश्वरको मुक्तिको योजनाको आवश्यकता छ भनेर देखाउँछ।

**तपाईंले परमेश्वरको आज्ञाहरू अर्थात् व्यवस्थालाई कसरी सफलता पूर्वक पालन गरिरहनुभएको छ? तपाईंको जवाफले परमेश्वरको आज्ञाहरूलाई पालन गरेर मुक्तिपाउन असम्भव छ भनेर कसरी देखाउँछन्?**

## २. परमेश्वरको धार्मिकता

“व्यवस्थाबिना नै परमेश्वरको धार्मिकता प्रकट भएको छ। व्यवस्था र अगमवक्ताहरूले त्यसैको गवाही दिएका छन्।" (रोमी ३ः२१)।

पुरानो समयमा अपनाइएका व्यवस्थाद्वारा प्रदान गरिने धार्मिकताभन्दा नयाँ धार्मिकता उल्लेखनीय रूपमा फरक छ। पुरानो धार्मिकता भनेको यहूदीहरूले थाहा पाए अनुसार धार्मिक विधिविधानलाई पालन गरेर धर्म कमाउनु थियो। अब नयाँ धार्मिकतालाई परमेश्वरको धार्मिकता वा धर्मपरायण भनिन्छ। (अंग्रेजीमा यसलाई righteousness भनिन्छ अर्थात् नेपाली शब्दकोषमा यसरी व्याख्या गरेको छः इमान्दारी, सदाचारिता, सच्चाइ, सदगुणीपन, धर्मपरायणता, पवित्रता। अर्थात् सत्यवादी भएर चल्ने क्षमता)। पवित्र जीवन यापन गरेर सत्य धार्मिकतामा हिंड्ने गुण परमेश्वरबाट आउँछ। उहाँले दिनुभएको यस धार्मिकता वा धर्मपरायणतामात्रै उहाँले ग्रहण गर्नुहुन्छ र यसैलाई मात्र उहाँले सत्य भनेर स्वीकार गर्नुहुन्छ।

यस संसारमा मानिस भएर जीउनु हुँदा प्रभु येशूले यही धार्मिक वा सतमार्ग अपनाउनु भएको थियो। उहाँको निर्मल जीवनलाई कसैले पनि दोष लगाउन सकेको थिएन। विश्वासद्वारा येशूलाई जसले ग्रहण गर्दछ, त्यस्तै जीवन हामी सबैलाई दिने कबुल उहाँले गर्नुभएको छ। विश्वासद्वारा अपनाउने धर्मात्माको जीवन मानिसहरू हकदारी वा योग्य भएर पाउने होइन तर यस्तो जीवन बिताउनु तिनीहरूको आवश्यकता हो।

“यथार्थमा भन्ने हो भने व्यवस्थालाई पालन गरेर मानिस धर्मपरायणता देखाउँछ। व्यवस्थाको माग नै धर्मपरायणता वा उचित जीवन यापन गर्नु हो। पापी व्यवस्थाप्रति ऋणी छ। तर उसले धर्मकर्म गरेर “म धर्मात्मा भएको छु वा शिद्ध भएको छु" भनेर स्वयमले धर्मात्माको पगरी लगाउन सक्दैन। मानिस केवल परमेश्वरमाथिको विश्वास वा आस्थाद्वारा मात्र धर्मात्माको स्थितिमा पुग्न सक्छ। विश्वासले मात्र ऊ सिद्ध वा धर्मपरायण जीवन अपनाउन सक्छ। विश्वासद्वारा त्यस मानिसले ख्रीष्टका गुणहरू परमेश्वरकहाँ ल्याउन सक्छ र प्रभुले आफ्नो पुत्रको आज्ञाकारिकता त्यस पापीको लेखामा राखिदिनुहुन्छ।

हामीहरूको कमी कमजोरी तथा पापी स्वभावलाई येशूको धार्मिकताले साटिन्छ। येशूलाई विश्वास गर्ने तथा उहाँप्रतिको आस्थामा हिंड्ने मानिसलाई परमेश्वरले आफ्नै छोराछोरी भनेर ग्रहण गर्नुहुन्छ, क्षमा दिनुहुन्छ, निर्दोष ठहऱ्याउनुहुन्छ र शुद्ध पार्नुहुन्छ। येशूको चरित्रले गर्दा उहाँलाई ग्रहण गर्ने मानिस पापबाट मूक्त हुन्छ र मानौं उसले कहिल्यै पनि पाप नगरेको सरह उसलाई व्यवहार गरिन्छ। यो प्रक्रियाले गर्दा पापी पनि धर्मात्मामा गनिन पुग्छन्। परमेश्वरको स्नेह र माया उसमाथी रहेकोले उसले त्यसको लाभ उठाउन सक्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक १, पृ. ३६७बाट रूपान्तरित। यस गजबको सत्यलाई तपाईंले कसरी आत्मसात् गर्न सक्नुहुन्छ? हेर्नुहोस् रोमी ३:२२,२३ "२२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्।

येशू ख्रीष्टको विश्वास वा आस्था भनेकै उहाँमाथि राख्ने विश्वास वा आस्था हुन् भन्ने कुरामा दुईमत छैन। यसले सही येशूभक्तको जीवनलाई परिचालन गर्दछ। यो आस्था वा विश्वास भनेको हाम्रो बौद्धिक दिमागले बुझ्नुभन्दा पनि महान् छ। येशूको जीवन र उहाँको मृत्युलाई ऐतिहासिक तथ्य भनेर स्वीकार गर्नुमात्र होइन। सच्चा विश्वास वा आस्था भनेको येशू ख्रीष्ट मुक्तिदाता, मेरो सट्टामा मर्नुभएको र मेरो जीवनको स्वामी भनेर स्वीकार गर्नु हो। उहाँको बाटोलाई हामीले अङ्गालेर चल्नु हो। उहाँमाथि पूर्ण भरोसा राख्नु हो। अनि, उहाँले दिनुभएको आज्ञाहरूलाई शिरोपर गरेर विश्वासीको जीवन बिताउन चाहना गर्नु हो।

## ३. परमेश्वरको अनुग्रहद्वारा

**अहिलेसम्म व्यवस्थाले के गर्न सक्छ र के गर्न सक्दैनन् भनेर हामीले हेऱ्यौं । अब रोमी ३:२४ हेर्नुहोस् जसमा लेखिएको छः परमेश्वरका अनुग्रहका बरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मी ठहरिएका छन्।" पावलको यो भनाईको तात्पर्य के हो? येशूमा मुक्ति पाउनु भन्नुको अर्थ के हो?**

दोषरहित वा धर्मी ठहरिनु भनेको यस पदले कसरी व्याख्या गरेको छ? यो ग्रीक अर्थात् युनानी झुटा dikaioo (डिकेओ)बाट अनुबाद गरिएको यो शब्दको अर्थ निर्दोष साबित गर्नु हो। यसको अर्थ धर्मी ठहराउनु, धर्मी भएको भनेर घोषणा गर्नु वा धर्मात्मामा गनिनु हुनसक्छ। यो शब्दको जड पनि

dikaisune (डिकेओसुन) अर्थात् "धर्मपरायणता" र dikaooma (डिकेओमा) जसको अर्थ "धर्मीहुन आवश्यकता पूरागर्नु"बाट आएका हुन्। "दोषरहित" र "धर्मपरायणता"को बीचमा अन्तरसम्वन्ध वा घनिष्ट सम्वन्ध छ भनेर यसले देखाउँछन्। कुनै कुनै अनुबादमा यो स्पष्ट रूपमा देखाइएको छैन। हामी त्यसबेला निर्दोष वा पवित्र भएको हुन्छौं जब परमेश्वरले हामीलाई धर्मी भएको घोषणा गर्नुहुन्छ।

निर्दोष सावित भएको मानिस धर्मी बनिन्छ। यो बिना त्यो व्यक्ति अधर्मी वा दोषी र उसलाई परमेश्वरले स्वीकार गर्नुहुन्न। तर जब कुनै मानिसलाई निर्दोष भएको घोषणा गरिन्छ तब ऊ परमेश्वरको आँखाको सामु धर्मी भएको देखिन्छ। अनि परमेश्वरले उसलाई ग्रहण पनि गर्नुहुन्छ।

तर परमेश्वरको सामु मानिस निर्दोषी भएर धर्मी ठहरिन केवल उहाँको अनुग्रहलेमात्र सम्भव हुन्छ। अनुग्रह वा ईश्वर-कृपाको अर्थ हामीमाथि देखाएको निगाह वा दयादृष्टि हो। उदाहरणमाः जब पापी मानिस मुक्तिको निम्ति परमेश्वरमा फर्किन्छ तब परमेश्वरतिर ऊ फर्किएकोले उमाथि परमेश्वरको अनुग्रह पर्छ र त्यहि अनुग्रहले गर्दा उहाँले ऊ धर्मी भएको घोषणा गर्नुहुन्छ। हो, पापीहरू परमेश्वरको अनुग्रहको योग्य छैनन्, तैपनि तिनीहरूको कुनै आफ्ना असल काम वा क्रियाकलापबिना नै निर्दोष ठहरिन्छन्। पापी मानिस चाहे त्यो पुरुष होस् वा स्त्री, निरीह वा असहाय हुन्छन् र परमेश्वरको अनुग्रहमाथि पूरा भरोसा राख्नुपर्दछ। पापीको सट्टामा क्रुसमा मर्नुभएको कारणले येशू ख्रीष्टमा उनी निर्दोष सावित भएर मुक्तिमा सहभागी हुन्छन्। मानिसको बदलीमा उहाँले आफ्नो जीवन अर्पण गर्नुभएकोले र उसको पापको जमानी बस्नुभएकोले उहाँलाई विश्वास गर्नेलाई परमेश्वरले मुक्ति प्रदान गर्नुहुन्छ।

रोमीको पुस्तकमा प्रस्तुत गरिएको पापीले पाउने सफाइपत्र वा निर्दोष ठहरिएको घोषणा निश्चित समयमा टुङ्गो लगाएर गरिन्छ। जब पापी त्यस दोषरहित जीवनबाट अलग हुन्छ वा बाहिरन्छ र अधर्मीको चालमा चल्छ तब उसलाई परमेश्वरले ग्रहण गर्नुहुन्न तर उसलाई दोषरहित भएको भनेर परमेश्वरले टुङ्गो लगाउनुहुन्छ तब त्यो मानिस परमेश्वरले उच्चारण गर्नुभएको निर्दोषीको घेराभित्र पर्छ र उसलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ र ऊ धर्मी भएको ठहरिन्छ।

जो मानिस येशूमा रहिरहन्छ उसको निम्ति निर्दोष सावित भएको समय बितेको समयमा भएको भनेर हेरिन्छ। किनभने त्यो कार्य त्यसबेला

सम्पन्न भएको हुन्छ जब उसले आफूलाई येशूमा पूरा समर्पण गर्दछ। "यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ।" रोमी ५:१ अर्थात् अक्षरसमा "निर्दोष ठहरिसकेको" भन्नु हो।

तर निर्दोष सावित भएको पापी मानिस बाटो बिराएर फेरि येशूतिर फर्कन्छ भने के हुन्छ त? त्यसबखत दोषरहित प्रक्रिया फेरि सुरु हुन्छ। जब हरदिन हामीले आफ्ना जीवन येशूमा समर्पण गरिरहन्छौं, तब निरन्तर रूपमा दोषरहित जीवन हामी पाइरहेका हुन्छौं। पुनआत्मपरिवर्तन वा पुनर्जन्म पाएर निर्दोष ठहरिएर बस्नु विश्वासीको दैनिक अनुभव हो भन्न सकिन्छ।

**मुक्तिको यो सुसमाचार एकदम असल भएतापनि मानिसहरूले त्यसलाई किन अस्वीकार गरिरहन्छन्? तपाईंलाई परमेश्वरले धेरै प्रतिज्ञाहरू दिनुभएको छ, तर ती प्रतिज्ञाहरूको उपभोग गर्न तपाईंलाई कसले रोकिराखेको छ?**

## ४. येशूको धार्मिकता

रोमी ३:२५मा पावलले मुक्तिको महान् सुसमाचार अझ गहिरिएर व्याख्या गर्दछन्। उनले मनबहलाउने झुटा "प्रसादन वा खुशी तुल्याउने काम" *propitiation (प्रोपिशियशन) प्रयोग गर्छन्*। ग्रीक भाषामा त्यो झुटा *hilasterion* (हिलास्टेरियोन) हो। यो झुटा यहाँमात्र प्रयोग गरिएको छ र हिब्रू ९:५मा प्रयोग गरिएको त्यस झुटालाई "दयाको आशन" भनेर अनुवाद गरिएको छ। पुरानो करारमा पवित्र मन्दिरमा परमेश्वरको सन्दुक थियो। त्यस सन्दुकको बनावटमा स्वर्गदूतहरूको आकारले ढाकिएको ढकनी थियो। त्यसलाई दया वा अनुग्रहको आशन भनिन्थ्यो। त्यसले ख्रीष्टद्वारा हामीलाई प्रदान गरिएको निर्दोष भएको फैसला र मुक्ति भनेर पावलले रोमी ३:२५मा जनाउँछन्। प्रसादन वा खुशी तुल्याउने प्रोपिशियशन भन्ने झुटाले पुरानो करारको अनुग्रह वा दयाको आसनले प्रतिनिधिनित्व गर्ने काम पूरा भएकोलाई जनाउँछ। येशूको बलिदान मुक्ति दिइएको र खुशी पार्ने कामद्वारा मानिसलाई निर्दोष ठहऱ्याइएको भन्ने त्यस दयाको आशनले देखाउँछ। हामीले जे गरेतापनि हाम्रो पापको मोललाई चुक्ता गर्नसक्दैनौं, तर येशूले तिरिदिनुभयो। छोटकरीमा भन्ने हो भने हामीलाई मुक्ति दिन जे गर्नुपर्ने थियो सो परमेश्वरले गर्नुभएको थियो भनेर माथिको बृतान्तले बताउँछ।

रोमी ३:२५मा हाम्रो "पापको वास्ता गर्नुभएन वा हटाउनुभयो" भनेर उल्लेख गरेको पाउँछौं। हाम्रो पापले गर्दा हामी परमेश्वरको सामु आउन योग्य भएका हुँदैनौं। पापलाई नै बोकेर परमेश्वरकहाँ जान सक्दैनौं। यस

अवस्थामा उहाँले हामीलाई ग्रहण गर्नुहुन्न। हामीमा भएको पापलाई केही गरेर पनि हामीले हटाउन सक्दैनौं। परमेश्वरले मुक्तिको योजनामा हाम्रा पापहरूलाई येशूको रगतद्वारा चुक्ता गर्ने प्रावधान बनाउनुभएको थियो। यदि हामीले विश्वासद्वारा येशूलाई ग्रहण गऱ्यौं भने उहाँको रगतले हाम्रो सबै पापहरू पखाली दिनुहुन्छ।

क्षमादानको ग्रीक वा युनानी शब्दमा paresis (पारेसिस) हो। त्यसको अक्षरस अर्थ "बितिएको" वा "गुज्रिसकेको" हो। "बितिसकेको पाप भनेर परमेश्वरले हाम्रो पापलाई वेवास्ता गरेको होइन। हाम्रा पापप्रति उहाँले आफ्ना आँखाहरू चिम्लनुभयो भनेको होइन। हाम्रा सबै पापको ज्याला वा दुष्परिणाम येशूको रगतद्वारा तिरिदिएकोले हाम्रा पापहरूलाई परमेश्वरले निलम्वन गर्न अर्थात् हटाउनु भएको हो। जो कोहिले पनि येशूको रगतमा विश्वास वा आस्था राख्दछ उसको पापको मोल चुक्ता गराउन सकिन्छ। चाहे स्त्री होस् वा पुरुष होस्, यस प्रक्रियामा परमेश्वरले कसैको भेदभाव गर्नुहुन्न। येशू तिनीहरूको निम्ति मर्नुभएकोले तिनीहरू आफ्ना पापबाट चोखो हुन सक्ने भएको हो (१ कोरन्थी १५:३)।

**माथिका भनाइलाई पावलले फेरि यसरी पुष्टि गर्दछन्: “परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो। तब हाम्रो घमण्ड वा असल छौं भन्ने अभिमान कहाँ गयो त? त्यसको ठाउँ नै छैन। कुन सिद्धान्त वा व्यवस्थामा यसो गर्ने? के यो कर्मको सिद्धान्त वा व्यस्थाद्वारा हुने त? कदाचित होइन। यो त केवल विश्वासको सिद्धान्त वा व्यवस्थाबाट मात्र हुन्छ।"(रोमी ३:२६,२७)। पावलले व्यक्त गरेका ती भनाईहरूले हामीलाई के बुझाउन खोजेका छन्?**

जसले सुन्न चाहन्छ त्यसले परमेश्वरको धार्मिकता वा पवित्रताको असल समाचार सारा मानिसहरूलाई उपलब्ध गराइएको छ भन्ने खुशीको सन्देश पावलले आफ्ना पाठकहरूलाई बाँड्न चाहेका थिए। हाम्रो धार्मिक क्रियाकलाप वा धर्मकर्मले हाम्रो पापलाई छोपिन्न तर परमेश्वरको पवित्रताले मात्र छोपिन्छ।हाम्रो अथक प्रयास, त्याग वा तपस्याले हामी परमेश्वरको सामु साधु, सन्त वा धर्मात्मा बन्दैनौं। यदि धर्मात्मा हुन चाहन्छौं भने केवल येशूले हाम्रो निम्ति के गर्नुभयो सो र उहाँमा विश्वास वा आस्था राखेरमात्र हुन्छौ।

क्रुसले गरेर पापीहरू धर्मी ठहरिएका छन् भनेर परमेश्वरले घोषणा गर्न सक्नुहुन्छ। फेरि त्यसै समयमा, उहाँ न्यायोचित र ठीक हुनुहुन्छ भनेर

पापमा नफसेको जगत र स्वर्गका सारा जीवहरूले ठहराउन सक्छन्। स्वर्गले महान् त्याग वा बलिदान गरिसकेकोले शैतानले परमेश्वरलाई दोष लगाउने ठाँउ अब छैन। परमेश्वरले दिने चाहनाभन्दा ज्यादा पापीहरूबाट चाहेको भनेर शैतानले परमेश्वरलाई दोष लगाएको थियो। शैतानले परमेश्वरको ममतामयी प्रेमलाई ओझेलमा पार्न भरमग्दुर प्रयत्न गरेको थियो। तर परमेश्वरले आफ्नो एक मात्र पुत्रलाई मानिसको उद्धारको निम्ति सुम्पनु भएको हुनाले शैतानको त्यो विवाद स्वतः निकम्मा हुनगएको छ।

**जब आदम र हवाले पाप गरे तब परमेश्वरले संसारलाई ध्वस्त पार्नुहुनेछ भनेर शैतानले ठानेको थियो। तर उहाँले मानिसहरूलाई मुक्ति दिन येशूलाई पठाउनुभयो। यसले परमेश्वरको स्वभावको बारेमा हामीलाई के सन्देश दिँन्छ? परमेश्वरले हामीलाई देखाउनुभएको त्यस्तो परोपकारिता वा भलाईले हाम्रो जीवनमा कस्तो प्रभाव पार्नुपर्दछ? परमेश्वर कस्तो सदाशयी र मायालु हुनुहुन्छ भन्ने ज्ञान तपाईंलाई प्राप्त भएकोले अबको २४ घण्टामा तपाईं कस्तो भिन्न तरिकाले आफ्नो जीवनलाई परिचालन गर्नुहुन्छ?**

## ५. व्यवस्थाको कामबिना

“यसकारण व्यवस्थाका कर्महरूको पालनबिना विश्वासद्वारा मानिस धर्मी ठहरिन्छ भनी हामी निष्कर्षनिकाल्छौं।" (रोमी ३:२८)। अब हामीले व्यवस्थालाई पालन गर्नुपर्दैन, विधिको शासनमा वस्नुपर्दैन, दश आज्ञाहरू निलम्वित भयो भनेर के पावलले यहाँ भन्न खोजीरहेका छन् त? यसबारे सोच्नुहोस्।

याद गर्नुहोस्, उपर्युक्त पदमा पावलले यहूदी धार्मिक विधिविधानहरूको विभिन्न प्रणालीको बारेमा बोलीरहेका थिए। जतिसुकै होसियारसाथ यस प्रणालीमा मानिस रहेता पनि कुनै पनि यहूदीलाई व्यवस्थाले मुक्ति दिन सक्दैन। यदि त्यस व्यक्तिले परमेश्वरले चुन्नुभएको येशू, मसीह हुन् भनेर ग्रहण गर्न असफल भयो भने त्यो व्यक्ति परमेश्वरको सामु निर्दोष ठहरिँदैन।

कोहि मानिसले येशूलाई विश्वास गऱ्यो भन्दैमा अब आफू पापबाट स्वतन्त्र भएँ भनेर घमण्ड गर्नुपर्छ भन्ने होइन भनेर पावलको दावी छ। यदि कुनै मानिस आफ्नो धर्मकर्मले धर्मात्माको पगरी लगाउन पाउँछ भने उसले आफ्नो काममा घमण्ड गर्न सक्थ्यो। तर येशूको वलिदानले ऊ निर्दोष ठहर्छ भने त्यसको श्रेय परमेश्वरमै हुन्छ। पापी मानिस निर्दोष सावित गर्ने अधिकार केवल परमेश्वरमा मात्र छ।

"विश्वासद्वारा धर्मी ठहरिनु वा परमेश्वरबाट पापको क्षमा पाउनु" भनेको के हो भनेर एलेन जी ह्वाईटले रोचकपूर्वक यसरी वाख्या गर्नहुन्छः"मानिसको महिमा वा गर्वलाई निष्क्रिय पार्ने काम परमेश्वरको हो। मानिस आफूले आफैलाई निर्दोष सावित गर्न सक्षम् छैन भनेर देखाउन परमेश्वरले यो काम गर्नुहुन्छ।"-टेस्टिमोनिज टु मिनिस्टरस एण्ड गस्पल वर्कर्स, पृ. ४५६।

मानिसलाई क्षमा दिन र उसको विगतको पापको ज्याला तिरिदिने काम व्यवस्थाको होइन। अक्षरस व्यवस्थालाई पालन गरेर परमेश्वरको अगाडि निर्दोष साबित हुन सक्दैन। परमेश्वरबाट पाउने पापको क्षमा मानिसको अथक प्रयासले आर्जन गर्न सक्दैन। येशूको बलिदानले गरिने पापको शुद्धतालाई केवल विश्वासद्वारा मात्र प्राप्त गर्न सकिन्छ। त्यसकारण परमेश्वरले सावित गर्ने निर्दोषसंग व्यवस्थाको केहि सरोकार छैन। हाम्रो धर्मकर्मले हामी धर्मी नठहरिनुको अर्थ परमेश्वरको सामु निर्दोष अथवा पापबाट मुक्त हुन हामी आफैले केहि गर्न सक्दैनौं भनेर स्वीकार गर्नु हो।

तर धेरै इसाईहरूले यस पदलाई गलत ढंगमा बुझेर गलत अर्थमा प्रयोग गरेको हामी पाउँछौं। मुक्ति पाउन केवल विश्वासमात्र गरे पुग्छ अरू केहि गर्नु नै पर्दैन भनेर तिनीहरूले दावी गर्दछन्। परमेश्वरको विधि अर्थात् दश आज्ञाको दायरामा बस्नु आवश्यक छैन किनभने त्यो त कामद्वारा मुक्ति पाउने भै हाल्यो नि भनेर सिकाउँदछन्। अब येशू मरेपछि दश आज्ञाहरूको औचित्य समाप्त भयो रे ! यी मानिसहरूले पावललाई बिल्कुलै बुझेका छैनन् भनेर हामी दावी गर्दछौं। रोमी र अरू पत्रहरूमा परमेश्वरको आज्ञाहरूलाई शिरोपर गर्नु अत्यन्त आवश्यक छ भनेर पावलले स्पष्ट गरेका छन्। निश्चय नै प्रभु येशू आफैले पनि त्यसलाई पालन गर्नुभएको थियो। येशूसहित याकूब र यूहन्ना जस्ता येशूका कर्मठ चेलाहरूले पनि त्यसलाई पालन गरेका थिए (मत्ती १९:१७, रोमी २:१३, याकूब २:१०,११, प्रकाश १४:१२)। आज्ञाहरूलाई पालन गर्‍यो भन्दैमा त्यसले हामीलाई मुक्ति दिन सक्दैन भनेर पावलले औंल्याउन खोजेकोमा हामीले अन्यथा सम्झनु हुँदैन। तर जो मानिस निर्दोष अर्थात् पापबाट शुद्ध गराएको सावित हुन्छ, त्यसले परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरूलाई स्वतः मानेको हुन्छ। अझ स्पष्ट रूपमा भन्ने हो भने केवल परमेश्वरद्वारा निर्दोष ठहराइएको व्यक्तिले मात्र परमेश्वरको व्यवस्था वा दश नैतिक सुत्रहरूलाई आत्मसात् गर्न सक्षम् हुन्छ। दोषी वा येशूको रगतले नपखालेको पापीले परमेश्वरका ती आज्ञाहरूलाई कहिल्यै पनि

पालन गर्न सक्दैन (उसको निम्ति परमेश्वरका ती आज्ञाहरू केवल बोझमात्र हुन्छन्। अधर्म वा आफ्नो सर्वोच्चताको मात्र ख्याल गर्ने मानिसले परमेश्वरको परिपाटीमा रहने चाहना गर्दैन। तिनीहरूको निम्ति परमेश्वरका दश आज्ञाहरू केवल इतिहासको पानामा मात्र थन्क्याउँछ-अनुवादकको टिप्पणी)।

**हामीलाई मुक्ति नदिने भएकोले परमेश्वरका ती दश आज्ञाहरू पालन गर्नु आवश्यक छैन भन्ने तर्कमा हामी कसरी सजिलैसँग फस्न सक्छौं? हामी विश्वासद्वारा मात्र धर्मी ठहरिने भएकोले जे पाप गरेपनि हुन्छ भन्ने बहानामा पर्नुभएको छ? यस्ता मनस्थिति किन खतरापूर्ण छ? परमेश्वरले दिने मुक्तिको प्रतिज्ञालाई दुरुपयोग गर्ने प्रवल चाहनालाई प्राथमिकता दियौं भने हामी आज कहाँ हुन्छौं होला?**

## उपसंहारः

**थप जानकारीको निम्ति पढ्नुहोस्:** एलेन जी ह्वाइटद्वारा लिखित *सेलेक्टेड मेसेजज्*, बुक १को पृ. २३६-२३९मा उल्लेखित "द राइचसनेस् अभ क्राइष्ट इन ल," पृ. ३३१-३३५को "कम एण्ड सिक एण्ड फाइन्ड," पृ. ३७३, ३७४को "परफेक्ट ओबिदियन्स थ्रु क्राइष्ट," र *क्राइष्ट अबजेक्ट लेसनस*को पृ. १२८,१२९मा उल्लेखित "थिङ्गस् न्यु एण्ड ओल्ड"।

"परमेश्वरको व्यबस्था वा दश आज्ञाहरूलाई पालन गर्‍यो भन्दैमा पापको दण्डबाट पापीहरू मुक्त हुनसक्दैनन्। तर व्यवस्थाले पापको ऋण कतिको छ भनेर देखाउँछ। तर जो पश्चाताप गर्छ र उहाँको अनुग्रह तथा दयामा विश्वास गर्छ त्यसलाई ख्रीष्टले प्रशस्तमात्रामा क्षमा दिनुहुन्छ भनेर प्रतिज्ञा गरिएको छ। विश्वास गर्ने र पश्चाताप गर्ने मानिसलाई परमेश्वरको प्रेम प्रशस्तमात्रमा फैलाउनुभएको छ। मानिसमा रहेको पापको दाग केवल हाम्रो सट्टामा बलि हुनुभएको येशूको रगतलेमात्र मेटाउन सक्छ। उहाँ परमेश्वर पिताको बराबरीमा हुनुहुन्थ्यो। ख्रीष्टको काम-उहाँको जीवन, उहाँको नम्रता वा झुक्ने खुबी, मृत्यु र पापमा हराएका मानिसहरूको निम्ति गरिने उहाँको अजरबिन्तिले दश आज्ञा तथा व्यवस्थाको गरिमालाई ठूलो पार्दछ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज, बुक १, पृ. ३७१बाट रूपान्तरित। "येशू ख्रीष्टको चरित्र तपाईंको चरित्रको सट्टामा खडा गरिन्छ, र परमेश्वरको सामु तपाईंलाई धर्मिजन झैं उहाँले स्वीकार गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ६२बाट रूपान्तरित।

"जब प्रेरित पावलले बिनाकामबाट हामी निर्दोष ठहरिन्छ भन्नुको अर्थ अनुग्रह र विश्वासको कामको बारेमा बोलेको होइन। तर जसले ती कामहरू

गर्दछन् त्यसले त्यस कामबाट आफू निर्दोष ठहरिन पुगेको छु भनेर विश्वास गर्दैन। (जब विश्वासीहरूले विश्वासद्वारा ती कामहरू गर्छन्) तब उसले आफ्नो (विश्वासद्वारा) निर्दोष ठहरिन खोज्दछ। "व्यवस्थाको काम" भनेर पावलले उल्लेख गर्नुको अर्थ व्यवस्थालाई पालन गरेर आफू धर्मी ठहरिएको भान हुनु हो। तिनीहरूको कामले गर्दा परमेश्वरले तिनीहरूलाई धर्मी ठहऱ्याउनु भएको छ भनेर विश्वासमा लाग्नु हो। यथार्थमा भन्ने हो भने असल काम गरिरहँदा तिनीहरू धर्मी हुन खोजेको हो र तिनीहरूको असल कामले आफू धर्मी ठहरिन सकौं भन्ने सोचबिचार र आफैमा गर्व गर्न खोजेका हुन्छन्।" मार्टिन लुथर, कमेन्टरी अन रोमनस्, पृ. ८०बाट रूपान्तरित।

**चिन्तनमननः**

१. यस अध्यायमा उल्लेख गरिएका पदहरूलाई फेरि दोहऱ्याउनुहोस्। आफ्नै शब्दहरूमा ती पदहरूले के भनेका छन् भनेर एक अनुच्छेद लेख्नुहोस्। त्यसलाई विश्वासीहरूको बिचमा छलफल गर्नुहोस्।

२. लुथरले भन्न खोजेको के हो सो फेरि पढ्नुहोस्। त्यस्तो सत्यताले उनलाई कसरी जागृत बनायो? आजको सन्दर्भमा पनि लुथरले औंल्याएको विषयबस्तु बुझ्न किन निर्णायक मान्नुपर्छ?

३. "सुधारबादी चेतनाको निर्माताको उत्तराधिकारी, बाइबलमा सिकाइए अनुसार विश्वासद्वारा पाइने अनुग्रहले निर्दोष ठहरिने शिक्षा, प्रेरितले सिकाएको अनुसार सुसमाचारलाई पूरा रूपमा, स्पष्टरूमा र संतुलनरूपमा सिकाउने इसाईहरू हुन् भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले आफूहरूलाई प्रस्तुत गर्दछन्।"- इभान टी. ब्लेजन, "सालेभशन" हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी (हागरटाउन, मेरिल्यान्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आसोसियशन, २००), पृ. ३०७बाट रूपान्तरित। हामी को हौं भनेर विश्वास गर्ने आधारका कारणहरू हामीसँग के छ?

कथा ४

## बादलहरू घन्किन्छन्

## मुराहद, वर्ष १० (युरो एशिया डिभिजन)

दश वर्षको मुराहदले क्लास सकेपछि आफ्नो मिसलाई सुटुक्क कानेखुशी गरेर भने "मीस तपाईंलाई कसैलाई थाहा नभएको कुरा भन्न चाहन्छु। येशूको बारेमा सुनाउन प्रतिवन्ध लगाएको देशमा उक्त शिक्षिका सेभेन्थ-डे एडभेन्टिस्ट थिइ। मुराहद उनको क्लासमा आएको धेरै महिना भएको थियो र उसले यसरी पहिला कहिल्यै पनि बोलेको थिएन।

"तपाईंलाई एउटा गोप्य कुरा भन्न चाहन्छु" मुराहदले फेरि भन्यो। "के हो?" शिक्षिकाले सोधिन्।

### बादलमा भएको दर्शन

जब मुराहदले बोल्न थाल्यो तब उसले आँखाभरि आँसु निकाल्यो, "एक दिन म जब स्कुलमा जाँदै थिएँ तब मैले आकाशमा बादल देंखे त्यहाँ एउटा मानिस क्रुसमा झुण्डिएको देखें। त्यो को थियो मलाई थाहा थिएन जब तपाईंले येशूको बारेमा भन्नुभयो तब मलाई थाहाभयो। जब तपाईंले येशूको बारेमा भन्दै हुनुहुन्थ्यो तब मैले बादलको बारेमा सम्झें।" मुराहदले भन्यो। जब मुराहदले आँसु झार्दै त्यो गोप्य कुरा भन्यो तब शिक्षिकाको हृदय अति कोमल भएर आयो। आफूले देखेको दर्शनको बारेमा के गर्ने सो मुराहदलाई थाहा नभएको स्पष्ट थियो।

आँखाभरि आँसु रसाएको शिक्षिकाले मुराहदको कुरालाई के भन्ने सो थाहा थिएन। जब असल चरित्रको बारेमा छलफल गर्दा उनले बाइबलको कथाहरू आफ्ना विद्यार्थीहरूलाई भन्थीन् तर त्यो भन्दा बेसि उनले भन्न सकेकी थिइनन् किनभने उनी सरकारका मानिसहरूबाट समस्या आएको उनी चाहन्दैनथिन्।

"मलाई थाहा भएन मैले के गर्ने" मुराहदले भनेको केही हप्तापछि ती शिक्षिकाले आफ्ना साथीहरूलाई भनिन्। "मुराहदले उसले देखेको दर्शन मलाई लुकाएर भनेको थियो किनभने यदि उसको आमाबाबुले येशूलाई उसले विश्वास गरेको थाहा पाएभने उसले सजाय पाउँथ्यो।

### आशाको सन्देश

मुराहदको जस्तो विश्वका सुसमाचार प्रतिबन्धित देशहरूमा सुसमाचार कसरी सुनाउने भनेर हामी अचम्म मान्छौं होला। उहाँको नाउँ उच्चारण गर्न मनाही भएको देशमा पनि परमेश्वरले कसरी काम गर्नुहुन्छ भनेर त्यस बालक मुराहदले अनुभव गरेको कथाबाट हामीलाई जानकारी गराउँछ।

अन्तिम दिनहरूमा सुसमाचार सुनाउन बालबालिकाहरूको भूमिका विशेष हुनेछ भनेर एलेन जी ह्वाइटले भन्नुहुन्छ। "जब मानिसहरूले परमेश्वरको सत्यलाई अरूहरू सामु प्रस्तुत गर्न कठिन भएको स्वर्गका दूतहरूले थाहा पाउँछन् तब परमेश्वरको आत्मा बालबालिकहरूमाथि पर्न दिइनेछन्। ठूला मानिसहरूले सुसमाचार सुनाउन नसक्ने स्थानहरूमा ती बालबालिकाहरूले सुसमाचार सुनाउने काम गर्नेछन्।"- टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. २०२बाट रूपान्तरित।

बादल जस्तो अचम्मका दर्शनहरूबाट येशूतिर तान्ने प्रक्रिया सुसमाचार सुनाउन मनाही गरिएका देशहरूमा लागु गरिनेछ। कतिपय मानिसहरू सपनामा येशूलाई देखेको दावी गर्दछन् र त्यसमा तिनीहरू अडिग भएको पाइन्छ। येशूको बारेमा सुनाउन प्रतिवन्धित देशहरूमा कतिपय मानिसहरूले येशूलाई सपनामा देख्दा उहाँलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गरेको पाइन्छ।

बादलमा क्रुसको दर्शन देखेको मुराहदको अनुभवले हामीहरूलाई येशूको वचनलाई याद दिलाउँछ, "यदि तिनीहरू चुप लागेभने ढुङ्गाहरू चिच्याउनेछन्" (लूका १९:४०)। यहूदी धर्मका फरिसी पण्डितहरूले येशूलाई मसीह भनेर उल्लास मानेर जुलुसमा चिच्याइरहेका चेलाहरूलाई देखे तब तिनीहरूलाई चुप लाग भन्नुहोस् भनेर उहाँलाई भनेका थिए। त्यसबखत येशूले तिनीहरूलाई भन्नुभएको थियो कि यदि चेलाहरू चुप लागे पत्थरहरू चिच्याउनेछ अर्थात् सत्यलाई बोल्नबाट कसैले पनि रोक्न सक्दैन।

सुसमाचार सुनाउन नसकिने देशहरूमा बादलहरू पनि चिच्याइरहेको पाउँछौं। जब आफ्नो घरमाथि मुराहदले क्रुसको दर्शन बादलमा देख्यो तब येशू उसको निम्ति मर्नुभएको उद्धारकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर बुझ्न पाएको थियो। र बादलबाट त्यस सानो बालकको हृदयमा येशू बोलिरहनुभएको थियो भनेर मुराहदको शिक्षिकाले विश्वास गरेकी थिइन्। हुन त त्यस बालकलाई के जवाफ दिने सो उनलाई थाहा नभएतापनि बादल चिच्याउन सक्छ भने त्यसको जवाफ उहाँले नै दिनुहुनेछ र त्यसको निम्ति उनले चिन्ता गर्नुपर्दैन भनेर तिनी ढुक्क भएकी थिइन्। “सब भन्दा महत्त्वपूर्ण कुरो त यो हो कि जुन काम परमेश्वरले सुरू गर्नुभयो सो काम उहाँले फत्ते गर्नुहुनेछ। हामीहरूले आफ्नै प्रयासमा गर्न नसक्ने कामलाई उहाँले नै सिध्याउनुहुनेछ।" मुराहदको शिक्षिकाले भनिन्।

संसारमा कतिपय देशहरू छन् जहाँ परमेश्वरको प्रेमलाई ग्रहण गर्न र सुनाउन बन्देज लगाइएको छ। तिनीहरूको निम्ति प्रार्थना गर्नुहोस्। तपाईंको भेटीले ती देशहरूमा येशूको प्रेमको सन्देश सुनाउन सहयोग हुनेछ। तपाईंको खुला हृदयको निम्ति धन्यवाद।